# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश

प.सं. २०७९/०८०

च.नं.

मिति २०८०।०३।०१

**सोलुदुधकुण्ड नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना।**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ तथा दफा २८ बमोजिम योग्यता पूरा भएका कर्मचारीहरुलाई तह वृद्धिका लागि सोलुदुधकुण्ड नगरपालिकाको कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८० को अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन सहित तपशिलका कागजात संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र निवेदन दिनुहुन सूचित गरिन्छ। निवेदनको ढाँचा नगरपालिकाको कर्मचारी प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने कागजातहरु :-

क) स्थायी नियुक्तिपत्र,
ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,
ग) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङकनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङक प्राप्त गरेको हुनुपर्ने),
ङ) तह वृद्धिका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

२०८०।३।१९

..................

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत

# सोलुदुधकुण्ड नगरपालिका, कोशी प्रदेश

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

स्थानीय राजपत्र

खण्ड:७ संख्या: १ मिति:२०८०।०३।०१


## भाग-२

### सोलुदुधकुण्ड नगरपालिकामा कार्यरत कर्मचारीको तह वृद्धि तथा वढुवा सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।२।३२

**प्रस्तावना :**

स्थानीय सेवाको गठन संञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० कार्यान्वयनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी सोलुदुधकुण्ड नगरपालिकाको कार्यपालिकाबाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्मचारीको तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमाः

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ ।

(ग) "नगरपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिका सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "अख्तियारवाला" भन्नाले अध्यादेशको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधकारी सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

**३. सूचना प्रकाशन गर्ने:**

(१) अध्यादेशको दफा २८ मा भएको तह वृद्धिको व्यवस्था बमोजिम तह वृद्धिका लागि यो कार्यविधि प्रारम्भ हुन साथ कार्यालयले तह वृद्धि हुने कर्मचारीको लागि ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा १ बमोजिम तह वृद्धि हुने कर्मचारीले सूचना प्रकाशन भए पश्चात देहायका कागजातहरु संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

(क) स्थायी नियुक्तिपत्र,

(ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र,

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

४. **सिफारिस समितिः** स्थानीय सेवा (गठन, सञ्चालन) अध्यादेश, २०८० दफा २८ को उपदफा (३) बमोजिम पेश भएका निवेदन र कागजातको मूल्याङ्कन गर्न नगरपालिकामा देहाय बमोजिमको समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कार्यपालिकाले तोकेको १ महिला सहित २ जना बरिष्ठ कर्मचारी - सदस्य

५. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) स्थानीय सेवा (गठन, सञ्चालन) अध्यादेश, २०८० दफा २८ बमोजिम कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा ५ वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत ९० प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सेवा समूह वा उपसमूभित्र तह वृद्धि गरिनेछ।

| क्र.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १. | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक उत्तीर्ण | |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक उत्तीर्ण | |

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै वेभसाइट मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृदि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम हुनेछ।

(४) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(५) यस दफा बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ।

**(६) बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता:** (१) अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङकन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुने सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङकनमा औसतमा कम्तिमा नब्बे

प्रतिशत अङ्क प्राप्त गरेका विज्ञापन हुनु भन्दा अघिको असार मसान्त सम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ।

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तिममा ३ वर्ष सेवा अवधि पूरा गरेको | सेवासमूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तिममा ३ वर्ष सेवा अवधि पूरा गरेको। | सेवासमूह सँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको |
| अधिकृत सातौ | अधिकृत छैटौ तहमा कम्तिममा ३ वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र वा कक्षा १२ वा सो सरह उतिर्ण गरेको |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा ३ वर्ष सेवा अवधी पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा एस.ई.ई वा सो सरह उत्तीर्ण गरेको। |

**७. तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

(१) अध्यादेशको दफा ८(१६) वमोजिम निजामति सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ प्रक्रिया पूरा गरी क्रमशः छैठौं, आठौं र दशौ तहमा एक तह वृद्धि गरिनेछ।

(२) अध्यादेशको दफा ८(१६) वमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए वमोजिमको बढुवा समितिले बढुवा गर्नेछ।

(३) संघीय लोक सेवा आयोगवाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ति भईसकेको कर्मचारीलाई स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिने छ। यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यावस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरवन्दी स्वीकृत गर्नु पर्नेछ।

(४) अध्यादेशको दफा ४ को उपदफा (५) वमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ।

(५) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएको स्थानीय तहमा तह वृद्धी हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

**८. तह वृद्धि गर्न नहुनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा १ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गर्न पाइने छैन।

(क) नसिहत सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ख) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(ग) तलव वृद्धि वा वढुवा रोक्का भएकोमा तलव वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(घ) असधारण विदा बसेकोमा सो विदाको अवधिभर।

**९. जेष्ठता कायम:** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) वमोजिम प्रत्येक आर्थिक बर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने र सहायक चौथो तहबाट पाँचौ तहमा जाने कार्मचारीहरुको हकमा लोकसेवा आयोगको परामर्श प्राप्त भएपश्चात र यस नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत कार्यविधि अनुरुप २०८०।०३।०१ गतेबाट लागु हुने गरि गरिनेछ।

**१०. बाधा अडकाउ फुकाउने:** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

**११. जानकारी दिनु पर्ने:** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोयोगलाई दिनु पर्नेछ।

**१२. उजुरी/ गुनासो :** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/ गुनासो गर्न सकिनेछ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची - १

दफा ३ को उपदफा १ सँग सम्बन्धित

मिति:

## बढुवा तथा तह वृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना।

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा १६ र दफा २८ अनुसार तथा कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० को दफा ५ र ६ बमोजिम बढुवा/तह वृद्धि हुने कर्मचारीहरुले ३० दिनभित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

**पेश गर्नु पर्ने कागजातहरु**

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

(ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

अनुसूची -२
दफा ३ को उपदफा २ सँग सम्बन्धित
तह वृद्धि/बढुवा हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोलुदुधकुण्ड नगरपालिका सल्लेरी, सोलुखुम्बु ।

विषय: तह वृद्धि / बढुवाको निवेदन पेश गरेको ।

तहाँ कार्यालयको मिति २०८०/ / प्रकाशित तह वृद्धि बढुवा हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना अनुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छ ।

तह वृद्धि/बढुवा हुने कर्मचारीको नाम:
स्थायी ठेगाना
पद:
शुरु नियुक्ति मिति:
हालको पदमा बढुवा नियुक्ति मिति:
शैक्षिक योग्यता:

पेश गरिएका कागजातहरुः
क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,
ख ) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र
(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,
(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

अनुसूची- ३

तह वृद्धि / बढुवा नियुक्तिको ढाँचा

मिति:

विषय: तह वृद्धि/बढुवा नियुक्ति।

श्री ……………………….. ( कर्मचारी संकेत नं.……….)
सोलुदुधकुण्ड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बु।

यस कार्यालयको मिति २०८०/ / को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ४ को उपदफा ५ , दफा ८ को उपदफा १६, दफा २८ बमोजिम तपाईंलाई देहाय अनुसार तहवृद्धि गरिएको छ। तहवृद्धि हुनु भएकोमा हार्दिक बधाई स्थानीय सेवामा उच्च मनोवलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ।

| हाल कार्यरत पदको विवरण | तह वृद्धि बढुवा/ भएको पदको विवरण |
|---|---|
| सेवा:<br>समूह/उपसमूह:<br>पद:<br>तह: | सेवा:<br>समूह/उपसमूह:<br>पद:<br>तह: |

बोधार्थ:
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, विराटनगर।
श्री प्रदेश लोक सेवा आयोग, विरानगर।
श्री प्रदेश किताबखाना विराटनगर।
श्री कर्मचारी सञ्चय कोष।
श्री नागरिक लगानी कोष।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय।
श्री आर्थिक प्रशासन शाखा।

आज्ञाले
कोपिला लाई
प्रमुख प्रशासकीय अधिकृत